शैक्षिक जनशक्ति विकास केन्द्र
समाचारपत्र
National Centre for Educational Development
NEWSLETTER

फोन नं. ६६३०७६६, ६६३८१५०, ६६३१२७६
फ्याक्स: ६६३१४८६

Website: http://www.nced.gov.np

वर्ष २० | अङ्क १ | २०७३, साउन-भदौ | (July-August 2016)

सम्पादकीय

एक्काइसौं शताब्दीलाई सूचना तथा सञ्चारको युग मानिन्छ । यसै कुरालाई आत्मसात गर्दै नेपालको संविधानले सूचनाको अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । तदअनुरूप सबै सार्वजनिक निकायहरूले आफ्ना गतिविधि सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । यस किसिमको अभ्यासबाट सरोकारवालाहरूले सम्बन्धित कुराको जानकारी पाउनु मात्र नभई उनीहरूको सूचनाको हक सुनिश्चित गर्ने अभिप्राय पनि हो । आफ्ना निकायहरूका गतिविधि सार्वजनिक गर्दा पारदर्शिता अभिवृद्धि हुनुका साथै सरोकारवालाबाट प्राप्त हुने पृष्ठपोषणले सम्बन्धित निकायको कामकाजलाई प्रभावकारी एवम् जवाफदेही बनाउने अवसर पनि प्राप्त हुन्छ भन्ने हाम्रो विश्वास छ । यस केन्द्रले देशभर कार्यरत शिक्षकहरू र शिक्षा सेवाका निजामती कर्मचारीहरूका लागि विविध समयावधि र मोडालिटीका तालिम सञ्चालन गर्दै आएको छ । केन्द्र र यस अन्तर्गतका शैक्षिक तालिम केन्द्रहरू तथा जिल्लाका अगुवा स्रोतकेन्द्रले सञ्चालन गरेका गतिविधिको बारेमा जानकारी गराउने एउटा माध्यम समाचार पत्र पनि हो । विगतलाई निरन्तरता दिदै यस वर्ष पनि केन्द्रले हरेक दुई महिनामा समाचार पत्र प्रकाशन गरेको छ । चालु आर्थिक बर्षको साउन र भदौ महिनामा भए गरेका गतिविधिहरू समेटेर समाचार पत्रको पहिलो अङ्क प्रकाशन गरेका छौं । केन्द्रका गतिविधिप्रति चासो राख्ने व्यक्तिहरूलाई यसमा समाविष्ट जानकारीहरू उपयोगी हुने विश्वास गरिएको छ । समाचार पत्रका आगामी अङ्कहरूलाई अझ बढी उपयोगी बनाउने सम्बन्धमा आवश्यक सल्लाह र सुझावको हामी सदैव स्वागत गर्दछौं ।

सल्लाहकारहरू

देवकुमारी गुरागाईं
अणप्रसाद न्यौपाने

सम्पादकहरू

रेनुका पाण्डे भुसाल
बोधकुमार खनाल
शङ्कर अधिकारी
नवीनकुमार खड्का
सरस्वती भट्टराई लुइटेल

यस भित्र

- माननीय शिक्षा मन्त्री,माननीय राज्यमन्त्री र सचिव ज्यूद्वारा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थलगत अवलोकन
- कार्यकारी निर्देशकको विदाइ तथा स्वागत
- शैक्षिक जनशक्ति विकास केन्द्रले आर्थिक वर्ष २०७२/०७३ मा सञ्चालन गरेका प्रमुख कार्यक्रमहरू
- आर्थिक वर्ष २०७२/७३ को केन्द्रको शीर्षकगत प्रगति सारांश
- शैक्षिक जनशक्ति विकास केन्द्रको आर्थिक वर्ष २०७३/०७४ का लागि स्वीकृत वार्षिक कार्यक्रम
- शैक्षिक तालिम केन्द्रहरूको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक स्वीकृत कार्यक्रम
- जापानको विद्यालय शिक्षाका अनुकरणीय असल अभ्यासहरू
- शिक्षा दिवसको अवसरमा परिसम्वाद कार्यक्रम
- आ.व. २०७३/७४ को शैक्षिक रेडियो कार्यक्रम प्रसारण तालिका

१. माननीय शिक्षा मन्त्री तथा माननीय राज्यमन्त्री एवम सचिवद्वारा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थलगत अवलोकन

माननीय शिक्षा मन्त्री धनीराम पौडेल, शिक्षा राज्यमन्त्री धनमाया वि.क. (खनाल) एवम् शिक्षा सचिव श्री शान्त बहादुर श्रेष्ठले मिति २०७३ भदौ १७ गते शैक्षिक जनशक्ति विकास केन्द्रको स्थलगत अवलोकन भ्रमण गर्नुभयो । उहाँहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक सूर्यप्रसाद गौतम लगायत सबै कर्मचारीहरूले स्वागत गर्नुभएको थियो । सो अवसरमा केन्द्रका सम्पूर्ण कर्मचारीहरूबिच परिचय कार्यक्रम पश्चात कार्यकारी निर्देशक सूर्यप्रसाद गौतमले केन्द्रले गर्ने कार्यहरूका सम्बन्धमा ब्रिफिङ गर्नु भएको थियो । ब्रिफिङमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना देखि हालसम्म सम्पन्न गरेका मुख्य मुख्य कामहरु समेटिएको थियो । उहाँले शैक्षिक जनशक्ति विकास केन्द्र विक्रम सम्वत् २०५० सालमा वैधानिक रूपमा स्थापना भई शैक्षिक तालिमको एपेक्स वडीको रूपमा रहेको र विद्यालयमा कार्यरत शिक्षकहरूलाई तालिम दिने र शैक्षिक अनुसन्धान गर्ने यसको मुख्य उद्देश्य रहेको कुरा स्पष्ट पार्नु भएको थियो । हाल शैक्षिक जनशक्ति विकास केन्द्रले आफ्नो मातहतका २९ ओटा तालिम केन्द्र, ४६ जिल्लाका अगुवा स्रोत केन्द्र र १०५३ स्रोत केन्द्रहरु मार्फत तालिमसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिरहेको कुरा कार्यकारी निर्देशकले जानकारी गराउनु भयो । त्यसैगरी केन्द्रका उपनिर्देशक शिवकुमार सापकोटाले केन्द्रका हालसम्मका मुख्य उपलब्धिहरु प्रस्तुत गर्नुभयो । जसमा १० महिने सेवाकालीन तालिमको प्रगति ९८.२ प्रतिशत पुगेको, १० महिने प्राथमिक शिक्षक तालिम प्राप्त करीब ६५ हजार शिक्षकलाई ११ कक्षा बराबरको योग्यताको मान्यता सहित सोझै कक्षा १२ को विशेष पाठ्यक्रम अध्ययनको अवसर प्रदान गरेको, गैर शिक्षा विषयमा उपाधि प्राप्त उम्मेदवारलाई आधारभूत र माध्यमिक तहका लागि १ वर्षे

Teacher preparation course (TPC) को व्यवस्था गरिएको, ८४ ओटा खुला विद्यालय मार्फत १ वर्षे माध्यमिक तहको खुला सिकाइ कार्यक्रम सञ्चालन गरी SLC मा सहभागी गराइरहेको र हाल सम्म करीब १५ हजार विद्यार्थीले खुला विद्यालयबाट SLC पास गरेको कुरा बताउनु भयो । सोही क्रममा सङ्घीयतामा शैक्षिक जनशक्ति विकास केन्द्रको प्रस्तावित सङ्गठन संरचना पनि प्रस्तुत गर्नुभयो । शैक्षिक जनशक्ति विकास केन्द्रको प्रस्तुति पश्चात माननीय शिक्षा मन्त्री धनीराम पौडेलले अभिभावकलाई समस्या लुकाउँदापछि समस्या समाधान गर्न गारो हुने भन्दै केन्द्रका समस्याहरु के के छन् र समाधान गर्न अवलम्बन गरिएका प्रयास तथा मन्त्रालयसँगको अपेक्षा सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । सो सम्बन्धमा जवाफ दिँदै कार्यकारी निर्देशकले केन्द्र र जिल्लागत संरचनामा करिब २०० कर्मचारी रहेको, ९ ओटा तालिम केन्द्रमा अङ्ग्रेजी, विज्ञान र गणित गरी तिन विषयका प्रशिक्षक रहने व्यवस्था भएतापनि २० ओटा तालिम केन्द्रमा विषयगत प्रशिक्षक नभएकाले सम्बन्धित विषय शिक्षकलाई नै रोष्टर प्रशिक्षकको रूपमा लिइएकाले उक्त शिक्षकको पद रिक्त भएपछि नयाँ रोष्टर प्रशिक्षक नियुक्तिमा समस्या परिरहेको कुरा बताउनुभएको थियो । त्यसैगरी २० ओटा तालिम केन्द्रको आफ्नै जग्गा तथा भवन नभएको र विद्यालयकै कम्पाउण्डमा तालिम केन्द्र रहेकोले विद्यालयसँग आपसी मनमुटाव भैरहने कुरा बताउनु भयो । साथै स्रोतकेन्द्रबाट तालिम सञ्चालन गर्दा तालिम त्यति प्रभावकारी नभएकोले २०७२ चैत्रबाट शिक्षक पेसागत तालिम सञ्चालन प्रारूप कार्यान्वयन भएकोले शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रबाट मात्र प्रमाणिक तालिम सञ्चालन गर्ने निर्णय भएको, शिक्षक तालिमको श्रेणी खुलाएर प्रमाण पत्र दिने व्यवस्था गरिएको साथै तालिमलाई बढुवासँग पनि आबद्ध गरिएकाले तालिमको प्रभावकारिता बढ्ने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो ।

त्यसैगरी शिक्षा सचिव श्री शान्तबहादुर श्रेष्ठले केन्द्रको भौतिक र वित्तीय प्रगति, बेरूजुको अवस्था, शिक्षक तालिमले विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । सो जिज्ञासाका सम्बन्धमा कार्यकारी निर्देशक गौतमले केन्द्रको भौतिक प्रगति करिब ९५ प्रतिशत र वित्तीय प्रगति करिब ९४ प्रतिशत रहेको, बेरूजुको अवस्था गतवर्षको तुलनामा ५० प्रतिशतले घटेको, १३ ओटा तालिम केन्द्र बेरूजुविहीन रहेको, तालिमको विद्यार्थी उपलब्धिमा पर्ने प्रभाव सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम केन्द्र प्रमुख र तालिम केन्द्र प्रमुखले शिक्षकसँग कार्य सम्पादन सम्झौता गर्ने प्रक्रिया थालिएको, तालिमको उपयोग गर्ने कार्य शिक्षकको क्षमतासँग मात्र नभएर विद्यालयको वातावरण र व्यवस्थापनसँग पनि सम्बन्धित भएकाले दुवैलाई सँगै लैजानु पर्ने कुरा बताउनुभयो ।

अन्तमा शिक्षा सचिव श्री शान्तबहादुर श्रेष्ठले प्रस्तुतिको लागि धन्यवाद दिँदै विरामीले डाक्टरसँग र पिडीतले वकिलसँग कुरा लुकाउन नहुने कुरा उल्लेख गर्दै हामीबिचमा छलफल गर्नुपर्ने कुरा धेरै रहेको र हामीले काम गरे जस्तो होइन अरूले जस दिने किसिमले गर्नु पर्दछ भन्दै त्यसका लागि आफू यस केन्द्रसँग कार्यसम्पादन सम्झौता गर्न तयार रहेको कुरा बताउनु भयो । त्यसैगरी माननीय शिक्षा मन्त्री धनीराम पौडेलले प्रस्तुति अन्तरक्रियात्मक भएकोमा धन्यवाद दिँदै हामीबिचमा कुरा लुकाउने छिपाउने अवस्था रहनु हुँदैन, स्थिति प्रस्ट गरेर सँगसँगै सुधारको पहल गर्नुपर्दछ भन्ने कुरा बताउनुभयो । उहाँले थप्नुभयो, "शैक्षिक गुणस्तरमा गणितीय आधारमा परिणाम देखाउन जरूरी छ । हाम्रा शिक्षकले पढाउँछन्, सिकाउँदैनन् त्यसैले शिक्षकलाई समकालीन प्रविधि र सिपसँग जोडी राख्नुपर्दछ । नयाँ पिँढीलाई समाजसँग प्रशिक्षित हुनेगरी सिकाउनु पर्दछ र सिकाएर अझ दक्ष बनाउने कुरामा हेलचक्रयाईँ गर्नु हुँदैन ।" विद्यार्थीहरूलाई गणितीय, सामाजिक र नैतिक रूपमा सक्षम बनाउने दिशामा कार्य गर्न मन्त्रालयले बजेटरी तथा नैतिक सहयोग गर्ने आश्वासन दिनुभयो ।

(टेलिभिजन स्टुडियोबाट सम्बोधन गर्दै माननीय मन्त्री)

(ब्रिफिङ कार्यक्रममा माननीय मन्त्री र सचिव लगायतका व्यक्तित्वहरु)

अवलोकन भ्रमणको क्रममा माननीय शिक्षा मन्त्री लगायत सचिवले शैक्षिक जनशक्ति विकास केन्द्रका शाखा महाशाखाको अवलोकन गर्नु भएको थियो । यस अवसरमा भर्चुअल कक्षा सञ्चालनको लागि हालै स्थापना गरिएको टेलिभिजन स्टुडियो उद्घाटन तथा रेडियो स्टुडियोको पनि अवलोकन गर्नु भएको थियो । साथै माननीय मन्त्री पौडेलले टेलिभिजन स्टुडियोबाट अनलाइन सम्बोधन गर्नुभएको थियो भने माननीय राज्य मन्त्री धनमाया वि.क. (खनाल) ले साक्षरता दिवसको अवसरमा रेडियोबाट सम्बोधन गर्नु भएको थियो ।

३७ औं शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा माननीय शिक्षा राज्य मन्त्री श्री धनमाया वि.क. खनालले दिनुभएको रेडियो वक्तव्य :

३७ औं शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, पेसाकर्मी, नागरिक समाज तथा आम नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । शिक्षा विकास र सम्वृद्धिको आधार हो । हाम्रो संविधानले शिक्षालाई मौलिक हकको रूपमा अंगीकार गरेको छ । आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा महिला, दलित, गरिब, तथा अपाङ्गता भएका नागरिकहरूका लागि विशेष प्रबन्धको व्यवस्था

गरिएको छ । शिक्षा सम्बन्धी संवैधानिक व्यवस्थालाई व्यवहारतः कार्यान्वयन गर्नु राज्यको दायित्त्व हो । यही दायित्त्व पुरा गर्न सरकारले सबैका लागि शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ । सर्वसुलभ पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि राज्य दृढ संकल्प गर्दछ । सन् २००० को जोमटिन सम्मेलनले निर्धारण गरेको सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चरणमा छ । पहुँच, समावेशीकरण, गुणस्तर, संस्थागत क्षमता तथा पूर्वाधार विकासका लक्ष्य अधिकांश पुरा भएको अवस्था छ । आगामी सन् २०३० सम्ममा सबैका लागि समावेशी र समता मूलक गुणस्तरिय शिक्षा, जीवन पर्यन्त सिकाइका लागि सन् २०१५ मा इन्चोन घोषणाप्रति प्रतिबद्धता जनाएको छ । आज हामी सबैले राष्ट्रिय शिक्षा दिवस मनाइरहेका छौँ । नेपालको शिक्षा गुणस्तरको कसीबाट विवादित रहँदै आएको छ । हामीले चाहेर पनि सबैका लागि शिक्षाको पहुँच स्थापित गर्न सकेका छैनौँ । शैक्षिक बेरोजगारको चाङले नेपालको अर्थतन्त्र धरासायी जस्तो बनेको छ । शिक्षाले हाम्रा संस्कृति सम्पदाको संरक्षण, सम्मान र विकासमा ध्यान नदिएको, समाज विकासको गतिसँगै शिक्षालाई गतिशील बनाउन नसकेको र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न नसकेको आरोप हामीसँग छ । हामी यस्ता समस्यामा टेकेर शैक्षिक क्षेत्रको पुनः संरचना गर्ने बाटोमा छौँ । हाम्रा प्रतिबद्धता र उपलब्धिहरूको आधारमा समीक्षा गर्दै बाँकी लक्ष्य पुरा गर्नु र शैक्षिक क्षेत्रको पुनः संरचना गर्नु प्राथमिकताको आधार हो । हामीले विद्यालयहरूमा आवश्यक शिक्षक व्यवस्थापन गर्न सकेका छैनौँ पहुँचका आधारमा शिक्षक वितरण गर्ने विगतको अभ्यासले शिक्षक व्यवस्थापनमा थप जटिलता पैदा गरेको छ । यसलाई सच्याउन निश्चित मापदण्ड निर्माण गरी अधिकार सम्पन्न समिति गठन मार्फत दरवन्दी मिलानको काममा प्रभावकारी ढङ्गबाट सम्पन्न गर्नुपर्ने छ । शिक्षा ऐनको आठौं संशोधन र खुला विश्व विद्यालय ऐन पारित भएका छन् । यसको कार्यान्वयनमा आवश्यक नियमावली र निर्देशिका निर्माणको कामलाई तीव्रगतिमा अगाडि बढाउन पर्ने छ । यस कोणबाट हेर्दा हामी कयौँ शैक्षिक समस्याको जन्जिर भित्र जकडिएका छौँ । यसलाई चिर्न हामीले बुँदागत रूपमा काम गर्नु पर्ने छ । संविधानले परिकल्पना गरे अनुरूपको संघीय संरचना अनुकूलको शैक्षिक सङ्गठनको खाका निर्माणा र जनशक्ति व्यवस्थापन गर्नुपर्ने छ । विपन्न र सिमान्तकृत समुदाय र क्षेत्रका बाल बालिकाको शिक्षामा पहुँचको सुनिश्चितता र दिगोपनको विकास गर्न जरूरी छ । विद्यालय शिक्षाको नयाँ संरचना अनुरूपको समग्र व्यवस्थापन गर्न जरूरत छ । साक्षर नेपाल अभियान अन्तर्गत निरक्षरता उन्मुलनबाट सभ्य, सु-संस्कृत स्वस्थ अग्रगामी सोचयुक्त नागरिक समाजको र्सिजना गर्नु पर्नेछ । शिक्षामा सूचना तथा संचार प्रविधिको उपयोग गरी गुणस्तरीय सिपमूलक व्यावसायिक शिक्षाको व्यवस्थाबाट शैक्षिक बेरोजगारको न्यूनीकरण गर्न जरूरी छ । सहभागितामूलक व्यवस्थापनबाट सामुदायिक शिक्षाप्रति अभिभावकहरूको आकर्षण वृद्धि गरी शैक्षिक उपलब्धि सुधार गर्न जरूरत छ । नतिजामूलक अनुगमन तथा मुल्याङ्कन मार्फत जवाफदेहिता र जिम्मेवारीपनमा अभिवृद्धि गर्न जरूरत छ । भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूको पुनः संरचना, पुनः निर्माण एवं सुरक्षित शिक्षण संस्थाको सुनिश्चिताको लागि काम गर्नु पर्ने छ र म सबै सरोकार पक्षलाई यो काममा ध्यान केन्द्रित गर्न सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु । शिक्षा दिवसले नेपालको शैक्षिक समस्या हल गर्दै नेपाली आवश्यकता मौलिकतासहितको शिक्षा प्रणाली निमार्णमा सक्रिय सहभागी बन्न सबैमा प्रेरणा मिलोस् हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२. कार्यकारी निर्देशकको विदाइ तथा स्वागत

शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक श्री सूर्यप्रसाद गौतम मिति २०७३ भाद्र २३ गतेको मन्त्रीस्तरीय निर्णयबाट राष्ट्रिय परीक्षा बोर्डको सदस्य सचिवको रूपमा सरूवा हुनु भएकोले मिति २०७३ भाद्र २४ गते यस केन्द्रमा विदाइ कार्यक्रमको आयोजना गरियो ।

विदाइ मन्तव्य दिनुहुँदै केन्द्रका उप-निर्देशक उपेन्द्र दाहालले राम्रोसँग मिलेर काम गरिराखेको टिमलाई फेरबदल गर्न नचाहँदा नचाहँदै पनि कार्यकारी निर्देशकको विदाइ गर्नु परेकोमा दुःख लागेको बताउनु भयो । कार्यकारी निर्देशकको रूपमा सफल नेतृत्त्वको साथ हौसला प्रदान गरी कर्मचारीहरूलाई काम गर्न सहयोग गर्नुभएको कुरा स्मरण गर्दै भौतिक रूपमा टाढा भएपनि निरन्तर सहयोगको अपेक्षा राख्दै उहाँलाई सफल कार्यकालको शुभकामना दिनुभयो । विदाइ मन्तव्यकै क्रममा केन्द्रका निर्देशक अणप्रसाद न्यौपानेले कर्मचारीको सरूवा, बढुवा, पदस्थापन, विदाइ, स्वागत नियमित प्रक्रिया भएको, यस केन्द्रमा उहाँको कार्यकालमा सामिप्यता, सद्भाव र सहयोग पाएको कुरा स्मरण गर्दै नयाँ जिम्मेवारीमा सफल कार्यकालको शुभकामनासहित मायाको चिनो प्रदान गर्नुभयो । यसै क्रममा विदाइ

(विदाइका क्रममा मायाको चिनो ग्रहण गर्दै कार्यकारी निर्देशक)

(कार्यकारी निर्देशक देवकुमारी गुरागाईँ स्वागत कार्यक्रमपश्चात कर्मचारीहरूलाई सम्बोधन गर्दै)

भई जान लाग्नु भएका कार्यकारी निर्देशक सूर्यप्रसाद गौतमले आफ्नो ९ महिनाको बसाइमा गरेका कामलाई स्मरण गर्दै यस केन्द्रको समग्र टिम नै जाँगरिलो रहेको कुरा बताउनुभयो । उहाँले नयाँ कार्यकारी निर्देशकको नेतृत्त्वमा केन्द्रले थप प्रगति गर्न सकोस भन्दै सफलताको लागि शुभकामना दिनुभयो ।

त्यसैगरी मिति २०७३ भाद्र २३ गते मन्त्रीस्तरीय निर्णयबाट शिक्षा विभागमा निर्देशकको रूपमा कार्यरत श्री देवकुमारी गुरागाईंको यस केन्द्रमा कार्यकारी निर्देशकको रूपमा सरूवा भएकोले कार्यकारी निर्देशक गौतमको विदाइ लगत्तै नवनियुक्त कार्यकारी निर्देशक गुरागाईँको स्वागतका लागि भाद्र २४ गते अपरान्ह केन्द्रमा स्वागत कार्यक्रम आयोजना गरियो । सो स्वागत कार्यक्रम आपसी परिचयबाट सुरू भएको थियो । स्वागत तथा शुभकामना मन्तव्य दिँदै केन्द्रका उप-निर्देशक दिनेश खनालले नयाँ कार्यकारी निर्देशकले यस पहिले केन्द्रमा निर्देशकको रूपमा कार्य गर्नुभएको र शिक्षा विभागको ठूलो जिम्मेवारी सम्हालेर आउनु भएकाले अनुभवले उहाँलाई कार्यकारी निर्देशकको रूपमा काम गर्न थप सहज हुने कुरा उल्लेख गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो ।

स्वागत मन्तव्यकै क्रममा केन्द्रका निर्देशक श्री अणप्रसाद न्यौपानेले शैक्षिक जनशक्ति विकास केन्द्रमा कार्यकारी निर्देशकको रिक्त स्थान पुरा भएकोमा खुशी व्यक्त गर्दै स्वागत सहित सफल कार्यकालको कामना गर्नुभयो । नवनियुक्त कार्यकारी निर्देशक श्री देवकुमारी गुरागाईँले स्वागतको लागी धन्यवाद दिंदै शैक्षिक जनशक्ति विकास केन्द्रमा तेस्रो पटक फरक भूमिका सहित कार्य गर्ने अवसर प्राप्त भएकाले विगतको अनुभवले आफूलाई काम गर्न सजिलो हुने विश्वास व्यक्त गर्दै यसमा केन्द्रका कर्मचारीको पूर्ण सहयोग र सहकार्यमा संस्थाको उद्देश्य प्राप्त गर्न सफलता प्राप्त हुने विश्वास समेत व्यक्त गर्नुभयो ।

३. शैक्षिक जनशक्ति विकास केन्द्रले आर्थिक वर्ष २०७२/०७३ मा सञ्चालन गरेका प्रमुख कार्यक्रमहरू

- विद्यालय क्षेत्र सुधार कार्यक्रमको लक्ष्य एवम् अवधारणाअनुरूप कार्यरत शिक्षकहरूका लागि तालिम सञ्चालन ।
- शिक्षकहरूको सक्षमताको कार्यढाँचाको मस्यौदा तयार गरी मिति २०७२ साल चैत ३ मा शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृति भएको ।
- ब्रिटिश काउन्सिलसँगको समझदारी अनुरूप शैक्षिक जनशक्ति विकास केन्द्र र सो अन्तर्गतका तालिम केन्द्रमा कार्यरत प्रशिक्षकहरूको क्षमता विकासका कार्यहरु भएको ।
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत केन्द्रस्थित कार्यालयहरूमा कार्यरत कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको ।
- विभिन्न ६ जिल्लामा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालनका लागि शिक्षक तालिम सञ्चालन गरिएको ।
- केन्द्रको एकीकृत कार्यविधि निर्देशिका विकास गरिएको ।
- NCED Portal विकास गरी शिक्षा क्षेत्रका सरोकारवालाहरूलाई सु-सूचित गर्ने कार्यको थालनी गरेको छ ।
- विद्यार्थीहरूका लागि ई-कक्ष नामक Mobile application निर्माण गरिएको ।
- भूकम्प प्रभावित ११ ओटा जिल्लाका १०० ओटा विद्यालयमा Virtual Class सञ्चालनका लागि उपकरण जडान लगायतका तयारी कार्य सम्पन्न भएको ।
- रा.प तृतीय श्रेणीका १६ जना अधिकृतहरूका लागि र रा.प द्वितीय श्रेणीका १९ जना अधिकृतहरूका लागि ३० कार्य दिने सेवाकालीन तालिम सञ्चालन गरिएको ।
- शिक्षा सेवाका २६ जना रा.प तृतीय श्रेणीका नवप्रवेशी अधिकृतहरूका लागि एक महिने तालिम सञ्चालन गरिएको ।
- कक्षा १० र कक्षा ८ का प्रमुख विषयहरूमा विद्यार्थी र शिक्षकलाई सहयोग पुऱ्याउने २१६ ओटा विषयगत शैक्षिक रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरिएको ।
- शैक्षिक रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन पुस्तिका विकास गरिएको ।
- कक्षा १० का विद्यार्थीहरूलाई लक्षित गरी अङ्ग्रेजी, गणित र विज्ञान विषयका ८० ओटा विषयगत पाठहरु निर्माण गरी नेपाल टेलिभिजनमार्फत प्रसारण गरिएको ।

४. आर्थिक वर्ष २०७२/७३ को केन्द्रको शीर्षकगत प्रगति सारांश

क्र.सं	ब.उ.शी.नं.	कार्यक्रमको नाम	भौतिक प्रगति	वित्तीय प्रगति
१	३५०१२१	विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर)	७७.६५	३४.३९
२	३५०११८	सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम	००	००*
३	३५०१०५	सामुदायिक विद्यालय क्षमता अभिवृद्धि TEVT Soft skills समेत (केन्द्रस्तर)	९७.२५	९६.७०
४	३५०१३८	पढाइ सिप प्रवर्धन कार्यक्रम	१६.५७	१४.६२
५	३५०८०३	विद्यालय क्षेत्र सुधार कार्यक्रम, जिल्लास्तर (शिक्षक शिक्षा र विकासँग सम्बन्धित मात्र)	९५.५००	९४.४४

* असार अन्तिम सातामात्र अख्तियारी प्राप्त भएकाले कार्यक्रम सञ्चालन नगरिएको ।

५. शैक्षिक जनशक्ति विकास केन्द्रको आर्थिक वर्ष २०७३/०७४ का लागि स्वीकृत वार्षिक कार्यक्रम

क्र.सं.	कार्यक्रम /क्रियाकलाप	वार्षिक लक्ष्य र बजेट (बजेट रू हजारमा)	
		लक्ष्य	बजेट
१	पुराना सवारी साधनको ब्लुबुक नवीकरण, कर भुक्तानी, लिलाम तथा मर्मत सम्भार	१	८८००
२	करारमा रहेका कर्मचारीहरु, सवारी चालक, कार्यालय सहयोगी, इन्जिनियर, रा.प. अनं. कर्मचारीका लागि तलब	१	२४६४
३	सबै प्रकारका तालिम सामग्रीहरु छपाइ तथा वितरण	१	६०००
४	टेली एजुकेशन सेन्टर भवन निर्माण (क्रमागत)	१	१२०००
५	भूकम्प प्रभावित ११ जिल्लाका माविहरूमा भर्चुअल शिक्षण सिकाइ सञ्चालनका लागि विद्यालयहरूमा उपकरण सेट खरिद (क्रमागत)	१	७००००
६	भूकम्प प्रभावित ११ जिल्लाका माविहरूमा भर्चुअल शिक्षण सिकाइ सञ्चालनका लागि विद्यालयहरूमा इन्टरनेट सेवा (Bandwidth) तथा उपकरण सेट खरिद (क्रमागत)	१	१६८००
७	भूकम्प प्रभावित ११ जिल्लाका माविहरूमा भर्चुअल शिक्षण सिकाइ सञ्चालनका लागि केन्द्रमा उपकरण सेट खरिद (क्रमागत)	१	८८००
८	शारीरिक शिक्षासम्बन्धी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्न आवश्यक विभिन्न खेल (भलिबल, बास्केटबल, ब्याडमिन्टन, टेबलटेनिस आदि) का लागि ल्याब स्थापना	१	२०००
९	कार्यालय तथा तालिम प्रयोजनका लागि उपकरण, फर्निचर निर्माण तथा खरिद	१	१०००
१०	पुस्तकालय सुदृढीकरण तथा इलाइब्रेरी विस्तार	१	१२०००
११	शिक्षक शिक्षा र दूर शिक्षा जर्नल विकास	१	४००
१२	समाचार पत्र (चौमासिक)	१	१५०

१३	दैवी प्रकोप न्यूनीकरणा तथा आपत्कालीन अवस्थामा शिक्षा व्यवस्था (युनिसेफतर्फ)	१	४५००
१४	विषयगत शिक्षक दरबन्दी न्यून भएका दुर्गम माविहरूलाई लक्षित गरी भर्चुअल कक्षा कार्यक्रम (Porta and mobile application अध्यावधिक समेत विस्तार)	१	८००००
१५	राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूका लागि १ महिने व्यवस्थापन तालिम	४०	३६००
१६	शिक्षा प्राविधिक सहायक र पुस्तकालय सहायकका लागि १ महिने सेवाकालीन तालिम	४०	१८००
१७	राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूका लागि १ महिने सेवाकालीन व्यवस्थापन तालिम सञ्चालन	४०	३२००
१८	राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूका लागि ७ दिने सेवाप्रवेश तालिम सञ्चालन	२०	६००
१९	कार्यमूलक अनुसन्धान, इन्टर्नसिप तथा सेमिनार विधिबाट तालिम जनशक्तिको क्षमता विकास तालिम सञ्चालन	२०	६००
२०	जल्दाबल्दा शैक्षिक सवालहरूमा उच्चस्तरीय सेमिनार सञ्चालन	१	५००
२१	शिक्षा मन्त्रालय अन्तर्गतका जनशक्तिलाई पाठ्यक्रम, परीक्षा, तालिम, योजना तथा अनुगमन जस्ता विष(यगत क्षेत्रमा AIT Bangkok बाट सघन क्षमता विकास तालिम २ हप्ते सञ्चालन	२५	६२५०
२२	सञ्चार माध्यम, सरकारी गैरसरकारी संस्थाहरूसँग सहकार्यका लागि परामर्श कार्यशाला तथा प्रकाशन प्रसारण	१	३००
२३	सवारी साधन (मोटरसाइकल) खरिद	३	६९९
२४	वित्तीय सुशासनका लागि लेखा कर्मचारी तालिम तथा बेरूजु फछ्र्योट कार्य सञ्चालन	२०	५००
२५	तालिम जनशक्ति तथा शिक्षकहरूका लागि अनलाइन विधिबाट कार्यसम्पादन सुधार	२५	१०००
२६	टिपिडि तथा पुनर्ताजगी तालिमका लागि नयाँ कोर्समा आधारित नमुना तालिम स्रोत सामग्री विकास	१	१९००
२७	सबै प्रकारका टिपिडि तालिम सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण (TOT) कोर्स र तालिम स्रोत सामग्री विकास	१	७००
२८	स्थिति प्रतिवेदन र अनुगमन प्रतिवेदन तयारी	१	२००
२९	कार्यक्रम अनुगमन भ्रमण	७	१४७०
३०	पठनसिप तालिम सम्बन्धी सबै प्रकारका तालिम अनुगमन, प्याकेजहरु छपाइ वितरण	१	८००
३१	तालिम सञ्चालन अवधिमा स्थलगत अवलोकनमा आधारित सघन अनुसन्धान सञ्चालन	१	५००
३२	विद्यालय शिक्षा प्रणालीमा विगतमा सञ्चालित अध्ययन अनुसन्धानहरूको कार्यान्वयन अवस्था तथा सुधारका भावी एजेण्डा विषयक गहन अनुसन्धान सञ्चालन	१	५००
३३	एकीकृत प्रमाणपत्र मार्कसिट तथा प्रतिलिपि प्रमाणपत्र तयारी र वितरण व्यवस्था	१	४००
३४	टिपिडि प्रमाणीकरण तालिमका लागि परीक्षा निर्देशिका तयारी, प्रमाणपत्र डिजाइन तथा परीक्षा सञ्चालन	१	७५००
३५	बाल विकास कोर्स र तालिम स्रोत सामग्री (TRM) विकास	१	२००
३६	टिपिडि तथा पुनर्ताजगी तालिमका लागि नयाँ कोर्समा आधारित नमुना तालिम स्रोत सामग्री (TRM) विकास	१	१९००
३७	सबै प्रकारका टिपिडि तालिम सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण (TOT) कोर्स र तालिम स्रोत सामग्री विकास	१	७००
३८	पठनसिप विकास सम्बन्धी शिक्षक तालिमका लागि गतवर्ष निर्मित कोर्स तथा तालिम स्रोत सामग्री नयाँ ढाँचामा परिमार्जन	१	५००
३९	पठनसिप विकास कार्यक्रममा संलग्न जनशक्तिहरूका लागि राष्ट्रिय स्तरमा सघन १० दिने तालिम सञ्चालन	४०	१८००
४०	नमुना विद्यालय तथा अन्य साधारण विद्यालयका प्रअ नेतृत्व विकास तालिमका लागि तालिम कोर्स र तालिम स्रोत सामग्री (TRM) विकास	१	८००
४१	सबै प्रकारका टिपिडि तालिम सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण -TOT) कोर्स र तालिम स्रोत सामग्री विकास	१	७००
४२	स्वीकृत टिपिडि ढाँचा तथा शिक्षक सक्षमताको प्रारूपका आधारमा विस्तृत नीतिगत गाइडलाइन नेपाली र अङ्ग्रेजी दुवै भाषामा तयारी	१	४००
४३	शैक्षिक सत्रभरी अध्यापन हुने सबै पाठहरु समेटी कक्षा १० का सबै ६ ओटा अनिवार्य विषयका श्रव्यपाठ उत्पादन	१	३०००
४४	खुला विद्यालय सञ्चालनका लागि पाठ्य पुस्तक व्यवस्था, स्वाध्ययन सामग्री वितरण, प्राविधिक सहजीकरण तथा सामग्री पुनरावलोकन	१	२०००

६. शैक्षिक तालिम केन्द्रहरूको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक स्वीकृत कार्यक्रम

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	आ.व. २०७३/७४ को वार्षिक लक्ष्य (बजेट रू हजारमा)		
		भौतिक परिमाण	इकाइ लागत	जम्मा बजेट
१	संस्थागत रूपमा भौतिक सुदृढीकरण योजनामा आधारित सुविधा विस्तार, स्तरीकरण तथा विकास	२९	१५००	४३५००
२	कार्यालय तथा तालिम प्रयोजनका लागि उपकरण, फर्निचर निर्माण तथा खरिद	२९	१०००	२९०००
३	शैताकेमा करारमा रहेका कर्मचारीहरुः सवारी चालक, कार्यालय सहयोगी, रा.प. अनं. प्रथम श्रेणीका कर्मचारीका लागि तलब	३३	१८२	६००६
४	माध्यमिक तहका तालिम अप्राप्त स्थायी शिक्षकहरूका लागि टिपिडि तालिम (अङ्ग्रेजी माध्यम समेत) नयाँ ढाँचामा सञ्चालन	२३७५	१५	३६६२५
५	आधारभूत तहका तालिम अप्राप्त स्थायी शिक्षकहरूका लागि टिपिडि तालिम (अङ्ग्रेजी माध्यम समेत) नयाँ ढाँचामा सञ्चालन (EGRP लागू नभएका ६९ जिल्लाका हकमा)	३९५०	९	३५५५०

६	तालिम अप्राप्त बालविकास सहयोगी कार्यकर्तालाई टिपिडि खाकामा तालिम सञ्चालन	१८७५	१०	१८७५०
७	सरकारद्वारा तोकिएका नमुना विद्यालय (Model school) का प्रअहरूलाई विशेष नेतृत्त्व विकास तालिम सञ्चालन	२००	१८	३६००
८	आधारभूत र माध्यमिक तहका प्रअहरूका लागि नयाँ ढाँचाको नेतृत्व विकास तालिम सञ्चालन	७२५	१८	१३०५०
९	टिपिडि खाका अन्तर्गतको मोडुलर तालिम डिजाइन, सञ्चालन लगायतका विषयमा २०७१ पछि नियुक्त भएका स्रोत व्यक्तिहरूका लागि एक हप्ते विशेष क्षमता विकास तालिम सञ्चालन	१२५	१५	१८७५
१०	सबै प्रकारकका टिपिडि तालिम सञ्चालनका लागि ७ दिने प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन	१७५	२२	३८५०
११	सामुदायिक विद्यालयका गैरस्थायी माध्यमिक तहका (उमा शिक्षकहरु समेत) का लागि ५ दिने कस्टमाइज्ड पुनर्ताजगी तालिम सञ्चालन	७२५	१०	७२५०
१२	सामुदायिक विद्यालयका गैरस्थायी आधारभूत तहका शिक्षकहरूका लागि स्रोतकेन्द्र स्तरमा ५ दिने कस्टमाइज्ड पुनर्ताजगी तालिम कोर्स सञ्चालन	२१०६०	२	४२१२०
१३	संस्थागत विद्यालयका शिक्षकहरूका लागि साझेदारी मोडेल अन्तर्गत ५ दिने कस्टमाइज्ड पुनर्ताजगी तालिम सञ्चालन	३७५०	०.७	२६२५
१४	विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिहरूका लागि कार्यक्रम कार्यान्वयन तथा सहजीकरण एवम् व्यवस्थापकीय सुधारका लागि तालिम सञ्चालन	३५०	३०	१०५००
१५	विद्यालयको शिक्षण सिकाइ चालु रहेकै बखत स्थलगत अवलोकनमा आधारित सघन अनुसन्धान सञ्चालन	२९	५०	१४५०
१६	क्षेत्रस्तरका शैताकेहरूबाट तालिम योजना तर्जुमा तथा सेवा क्षेत्र भित्रका अन्य ETCs/ LRCs को प्रशासनिक समन्वय तथा प्राविधिक सहजीकरण (Technical Backstopping)	९	५००	४५००
१७	शैताके र अगुवा स्रोत केन्द्रका लागि कार्यक्रम व्यवस्थापन खर्च	७५	२००	१५०००
१८	प्रदेशस्तरका तालिम निकायमा स्थान्तरित हुन सम्भाव्य तालिम केन्द्रहरूका लागि सवारी साधन खरिद	३	३०९०	९२७०
१९	ICT तालिम सञ्चालन तथा ICT हब मार्फत शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण गर्न दुई ओटा ल्याब स्थापना र ५ ओटाको स्तर उन्नति	७	७९०	५५३०
२०	१६ दिन तालिम लिएका प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरूलाई एक महिने समयावधिको समकक्ष बनाउन १४ दिने तालिम	३०००	८.५	२५५००
जम्मा				३१४५५१

७. जापानको विद्यालय शिक्षाका अनुकरणीय असल अभ्यासहरू

प्रसंग :

दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं. ४ सँग सम्बन्धित लक्ष्य सबैका लागि समावेशी, समतामूलक गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाइको सुनिश्चित गर्ने रहेको छ । यो उद्देश्य प्राप्तिको लागि जापानको छोटो अध्ययन भ्रमणबाट प्राप्त अनुभवका आधारमा शैक्षिक प्रणाली, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्था र परिचालन, शैक्षणिक तौरतरिका, जनशक्तिको क्षमता विकास, अभिभावकसँग विद्यालयको सम्बन्ध र समन्वय आदिका बारेमा जापानले गरेका देहायका असल अभ्यासहरूलाई हाम्रो सन्दर्भमा ढालेर कार्यान्वयन योग्य योजना बनाउन सकेमा अवश्य पनि नीतिगत तहदेखि कार्यान्वयन तहसम्म सान्दर्भिक हुने देखि शिक्षा क्षेत्रका सरोकार बीच जानकारीको लागि संक्षिप्त रूपमा प्रस्तुत गरिएको हो ।

विद्यालय प्रणाली

विद्यालय प्रणालीमा ६ वर्षको इलिमेन्टरी र ३ वर्षको जुनियर हाइ स्कुल गरी ९ वर्षको अनिवार्य शिक्षा लागू छ । तर पूर्ण निःशूल्क छैन । दिवा खाना, पोशाक, व्याग, स्टेशनरी लगायतका केही शीर्षकमा अभिभावकको पनि अनिवार्य दायित्त्व रहेको देखिन्छ । जुनियर हाइस्कुल पश्चात बाल बालिकाले हाइस्कुल र विश्व विद्यालयमा अध्ययन गर्ने वा कामको संसारमा जाने व्यक्तिगत इच्छामा भर पर्दछ । इलिमेण्टरी स्कुल, जुनियर हाइस्कुल, हाइस्कुल, टेक्नोलोजी कलेज, जुनियर कलेज , युनिभरसिटी तथा ग्रयाजुएट स्कुल आदि सञ्चालनमा रहे पनि सबैले उच्च शिक्षासम्म पहुँच छैन र आवश्यक पनि ठान्दैनन । उच्च शिक्षा हासिल गर्ने संख्या कमै छ ।

भौतिक पूर्वाधार

भौतिक पूर्वाधारको कुरा गर्दा जापानमा स्थापना गरिएका सबै विद्यालयमा एकै प्रकारको भौतिक पूर्वाधारको व्यवस्था राज्यबाट गरिएको छ । दुर्गम सुगम, गाउँ वा सहर विना भेदभाव तोकिएको सिमा क्षेत्र भित्र बाल बालिकाको पहुँच योग्य गुणस्तरीय शिक्षा प्रदान गर्न चाहिने सबै उपकरण, स्रोत साधन सहितका सुरक्षित विद्यालय भवन निर्माण गरी अध्ययन अध्यापनको व्यवस्था रहेको पाइन्छ ।

(जापानी विद्यालय)

जनशक्ति व्यवस्था

जनशक्ति व्यवस्थामा सबै विद्यालयमा प्रतिस्पर्धात्मक रूपमा प्रधानाध्यापक नियुक्त गरिने र सो अन्तर्गत आवश्यक योग्य शिक्षकको व्यवस्था राज्यबाट हुन्छ । कुल ग्राहस्थ उत्पादनको ३.५ प्रतिशत बजेट शिक्षामा रहेपनि अत्याधुनिक प्रविधिसहित अध्यापन गर्न शिक्षकलाई उत्प्रेरित गरिएको र आवश्यक उपकरण सहित क्षमता विकासका योजना कार्यान्वयनमा रहेको छ । दुर्गम र सुगमबिचको शिक्षकमा

फरक योग्यता नभइ एउटै कायम गरिएको र दुर्गममा अध्यापन गरेको अवधिमा थप सुविधाको समेत व्यवस्था रहेको छ । यसका साथै हरेक तिन वर्ष पश्चात शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा हुने र यसरी सरूवा गर्दा सुगममा काम गरेपछि दुर्गममा र दुर्गममा काम गरेपछि सुगममा सरूवा हुनैपर्ने कानूनी व्यवस्थाको कार्यान्वयन अवस्ता पनि प्रभावकारी रूपमा रहेको छ । विद्यालयमा कार्यरत शिक्षकलाई अन्य निकायमा काम गर्ने कर्मचारीको सेवा सुविधा तलव भत्तामा थप २० प्रतिशत रकम दिने व्यवस्था छ । शिक्षक अत्यन्तै जवाफदेही र लगनशील उत्प्रेरित छन । विद्यालय हाम्रो हो, बाल बालिकाको भविष्य हाम्रो हातमा छ, भोलिको उज्वल भविष्य निर्माता यी कलिला बाल बालिका हुन भन्ने कुरा मन मस्तिष्कमा रहेको अनुभूति हुन्छ । यस विषयलाई मध्यनजर राखेर बिहान बाल बालिका विद्यालय आइपुग्नु अघि र विद्यालय विदा हुने समयपछि पनि केही समय भोलिको योजना बनाएर मात्र शिक्षक घर फर्कने परम्परा कायम छ । प्रधानाध्यापकबाट पुनः शिक्षकमा फर्की काम गर्ने, सेवा अवधिभरिमा कम्तिमा दुई पटक दुर्गममा कार्य गर्नै पर्ने नीतिगत व्यवस्था छ । शिक्षक पदमा १० वर्ष कार्य सम्पादन गरेपछि वढुवा हुने गर्दछ , त्यसका लागि अनिवार्य रूपमा तोकिएको अवधिको तालिम पुनः लिनु पर्दछ ।

शिक्षण विधि

शैक्षणिक तौरतरिका परियोजना कार्य, प्रयोगात्मक विधि, स्थलगत भ्रमण जस्ता शिक्षण विधि बढी प्रयोग हुन्छ । अध्यापनका लागि अति आवश्यक उपकरण, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट पठन पाठन गर्न ल्यावको व्यवस्था, विज्ञान प्रयोगशालाको व्यवस्था, वाह्य तथा भित्र अतिरिक्त क्रियाकलाप गराउने स्रोत साधन सहितको सुरक्षित स्थान आदिको प्रभावकारी व्यवस्था छ ।

पाठ्यपुस्तक व्यवस्था

नेपालमा जस्तै पाठ्यपुस्तकको व्यवस्था गर्ने दायित्त्व केन्द्रीय सरकारकै रहेको र सम्पूर्ण खर्च व्यवस्था शिक्षा मन्त्रालयबाट हुन्छ । मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमका आधारमा प्रतिष्पर्धात्मक रूपमा निजी क्षेत्रका प्रकाशकहरूबाट लेखन कार्य हुने र मन्त्रालयले तोकेको आधिकारिक निकायबाट मूल्याङ्कन पश्चात छनौट भएका पुस्तकहरु विद्यालयमा लागू गर्ने व्यवस्था छ । जापानका विद्यालय शिक्षाका सबै पाठ्यपुस्तक रंगीन, चित्रात्मक र पाठकमैत्री छन । हरेक १० वर्षमा परिवर्तित समयअनुसार पाठ्यपुस्तक परिमार्जन वा परिवर्तन हुन्छ । तर लागू गर्दा नेपालको जस्तो कक्षागत गरी १० वर्ष नलगाई तहगत रूपमा लागू गर्ने प्रावधानले लामो समय कुर्नु नपर्ने हुन्छ । पाठ्यपुस्तक सामान्यतया तोकिएको पाठ्यक्रम अनुसार स्वीकृत भएका बजारमा उपलब्ध पाठ्य पुस्तकहरूमध्येबाट प्रिफेक्चरगत फरक वा केही प्रिफेक्चरले एउटै किसिमको पाठ्यपुस्तक पनि लागू गर्न सक्ने नीतिगत व्यवस्था छ । तर पुस्तक फरक परेपनि सिकाइ उपलब्धिमा फरक नपर्ने गरी विकसित पाठ्यपुस्तक मात्र आधिकारिक निकायबाट स्वीकृत गरिएको हुने र एउटा प्रिफेक्चर भित्र पर्ने सबै विद्यालयहरूले भने एउटै पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने अनिवार्यता रहेको छ ।

समुदाय विद्यालय सम्बन्ध

समुदाय र विद्यालय परिवारबिचमा समन्वय र सहकार्य अन्योन्याश्रित रहेको हुन्छ । दैवी प्रकोप तथा प्राकृतिक प्रकोप पश्चात घरमा बस्न नसकिएमा समुदायको पहिलो सुरक्षित स्थान भनेको विद्यालयलाई लिने प्रावधान छ । सो अवधिमा अतिआवश्यक मानवीय सेवा सुविधा व्यवस्था गर्न राज्यबाट तालिमसहित बजेट स्रोत साधनको व्यवस्था विद्यालयमा गरिएको हुन्छ । यसको परिचालन गर्ने मुख्य दायित्त्व प्रधानाध्यापक र शिक्षकको हुन्छ । बाल बालिकाको पठन पाठन लगायत सामाजीकरण सिप विकासमा अभिभावकको भूमिका र दायित्त्व निर्वाह गर्न सधैं अभिभावकहरु सक्रिय रहने र सहयोगको भावना रहिरहन्छ । कक्षा ९ सम्म निःशूल्क र अनिवार्य शिक्षा भएकोले कुनै अभिभावकले विद्यालय उमेर पुगेको बाल बालिकालाई भर्ना नगरेमा कानुनी रूपमा दण्डनीय हुन्छ । यसमा विद्यालयले नियमित रूपमा आफ्नो तोकिएको सेवा क्षेत्र भित्र बाल बालिकाको नक्साङ्कन गरी रहेको हुन्छ । कुनै बाल बालिका उमेर पुगेर पनि विद्यालयमा भर्ना नभएमा घरमा गई अभिभावकसँग अन्तरक्रिया गरी ती बाल बालिकालाई विद्यालयमा ल्याउने दायित्त्व शिक्षकको पनि रहने व्यवस्था कार्यान्वयनमा छ ।

जापानका कतिपय शैक्षिक क्षेत्रमा भएका नीतिगत व्यवस्था र कार्यान्वयन विधि भरखर संधीयताको अभ्यासमा रहेको हाम्रो जस्तो राष्ट्को लागि मार्गदर्शक बन्न सक्छ । मुख्य गरी चालु आवमा छनौट गरी नमुना विद्यालय सञ्चालन गर्ने प्रयासका क्रममा यस्ता विद्यालयलगायत अन्य सबै विद्यालयको भौतिक पूर्वाधार व्यवस्था, शिक्षक तथा प्रधानाध्यापक व्यवस्था र परिचालन, पाठ्य पुस्तकको व्यवस्था र जनशक्तिको क्षमता विकास आदि क्षेत्रमा अनुकरण योग्य नीतिगत प्रावधान प्रशस्त छन । तर पहिले भइरहेको र पाइरहेको सेवा सुविधामा कोही पनि सम्झौता गर्न र परिवर्तन गर्न नचाहने र नसक्ने हो भने विद्यमान संवैधानिक व्यवस्था एवम संशोधित शिक्षा ऐन अनि चालु आव बाट कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन चुनौतीपूर्ण हुने छ ।

(यो लेख शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशकले जापानको भ्रमण गरेपछिको अनुभवमा आधारित भएर लेख्नुभएको हो ।)

८. परिसम्वाद कार्यक्रम सम्पन्न

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि शैक्षिक जनशक्ति विकास केन्द्रले ३६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस र राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्य पारेर भिन्न विषय सन्दर्भमा दुई परिसम्वाद कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रमलाई आम स्रोता सामु पुर्‍याउन रेडियो नेपालबाट प्रसारण गरिएको थियो । गुणस्तरीय शिक्षाका लागि सूचना तथा सञ्चार प्रविधिको महत्त्व र प्रयोग शीर्षकको परिसम्वाद कार्यक्रममा शिक्षा मन्त्रालयका सह-सचिव डा. तुलसीप्रसाद थपलिया, प्रधानाध्यापक सरोजकुमार पाण्डे र त्रिभुवन विश्व विद्यालयका प्रा.डा. लेखनाथ शर्मा लाई आमन्त्रण गरिएको थियो । सो कार्यक्रम भदौ १८ गतेको रेडियो नेपालको शैक्षिक रेडियो कार्यक्रममा प्रसारण गरिएको थियो । शिक्षा मन्त्रालयका सह-सचिव वैकुण्ठप्रसाद अर्याल, गीता खरेल र सुप्रभात भण्डारी सहभागी रहेको सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण वृद्धि, विद्यार्थी सिकाइ

उपलब्धि र व्यवस्थापनमा सुधार अर्को परिसम्वाद कार्यक्रम भदौ २५ गतेको रेडियो नेपालको शैक्षिक रेडियो कार्यक्रममा प्रसारण गरिएको थियो । उपर्युक्त परिसम्वाद कार्यक्रमबाट शैक्षिक नीति तथा कार्यक्रमको महत्त्व, कार्यान्वयन अवस्था तथा सुधार गर्नु पर्ने क्षेत्रहरूका बारेमा विश्लेषण गरिएको थियो । एकै क्षेत्रभित्र फरक जिम्मेवारी सम्हालेका वा अनुभव गरेका व्यक्तिहरूका विचारलाई यस केन्द्रको रेडियो स्टुडियोमा रेकर्ड गरी सबैको लागि सहज माध्यम मानिएको रेडियो नेपालबाट प्रसारण गरिएको थियो ।

९. आ.व. २०७३/७४ को शैक्षिक रेडियो कार्यक्रम प्रसारण तालिका

क्र.सं.	बार	हप्ता	विषयवस्तु
१	मङ्गलबार	पहिलो	• समसामयिक शैक्षिक गतिविधि समेटिएको समाचारमूलक जानकारी : ११ ओटा
		दोस्रो	• कक्षा १० का ६ ओटा अनिवार्य विषयहरु क्रमशः अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययनका ३/३ ओटा र नेपाली र स्वास्थ्य जनसङ्ख्या तथा वातावरण शिक्षाका २/२ ओटा विषयगत रेडियो पाठहरु : १६ ओटा • असल अभ्यास समेटिएको स्थलगत रेडियो रिर्पोट : ४ ओटा
		तेस्रो	• समसामयिक शैक्षिक गतिविधि समेटिएको समाचारमूलक जानकारी : ११ ओटा
		चौथो	• शैक्षिक योजना /कार्यक्रम/शिक्षासम्बन्धी ऐन नियमावली/ निर्देशिका/कार्यविधि र कार्यान्वयन पुस्तिका आदि सम्बन्धी जानकारी : १० ओटा
२	शनिबार	पहिलो	• शिक्षासम्बन्धी Theme based नाटक/ छलफल : १२ ओटा
		दोस्रो	• परिसम्वाद/अन्तरवार्ता : ७ ओटा • म्यागाजिन ढाँचा आधारित लेख रचना, लघु नाटक, छलफल एवम् Field Report र स्रोता प्रतिक्रिया तथा जिज्ञासा : ५ ओटा • सामाजिक साँस्कृतिक पर्व विशेष नाटक/छलफल : ४ ओटा
		तेस्रो	• शिक्षासम्बन्धी Theme based नाटक/ छलफल : १२ ओटा
		चौथो	• अभिभावक सचेतनामूलक नाटक/छलफल र शिक्षक प्रश्नोत्तर कार्यक्रम : १२ ओटा
			जम्मा रेडियो कार्यक्रम १०४ ओटा

टिपिडी तालिमको एकीकृत प्रमाणपत्र वितरण सम्बन्धी सूचना

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शैक्षिक तालिम केन्द्रहरु र जिल्ला शिक्षा कार्यालयहरूबाट मिति २०६६ सालदेखि नै टिपिडी तालिम सञ्चालन हुँदै आएको साथै तिन ओटा मोडुल पुरा गरेपछि एकीकृत प्रमाणपत्र वितरण गरिने प्रावधानअनुसार तिन ओटै मोडुल पुरा गरेका शिक्षकहरूले प्रमाणपत्रको माग समेत गरिरहेको अवस्थामा यस केन्द्रले प्रा.वि. तहको हकमा जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित भइआएको विवरण (हार्ड कपी र सफ्ट कपी) र मा.वि. नि.मा.वि. तहको हकमा शैक्षिक तालिम केन्द्रबाट प्रमाणित भइआएको विवरण (हार्ड कपी र सफ्ट कपी) अनुसार प्रमाणपत्र नं. कायम गरी सम्बन्धित शैक्षिक तालिम केन्द्रमा पठाउने र एकीकृत प्रमाणपत्र शैक्षिक तालिम केन्द्रबाट वितरण गरिने हुँदा सम्बन्धित जिल्ला शिक्षा कार्यालय र शैक्षिक तालिम केन्द्रहरूले तिन ओटै मोडुल पुरा गरेका शिक्षकहरूको विवरण यस केन्द्रबाट उपलब्ध गराइएको विवरण (ढाँचा अनुसार) प्रमाणित गरी यथासीघ्र यस केन्द्रमा उपलब्ध गराई प्रमाणपत्र वितरणमा सहजता कायम गराइदिनु हुन सबैको जानकारीका लागि यो सूचना प्रसारण/प्रकाशन गरिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र
तालिम प्रमाणीकरण शाखा

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर ।
फोन नं. ०१-६६३८१५२, ०१-६६३१२८७, ०१-६६३१३७२, ०१-६६३०७६६, ०१-६६३८१५०, ०१-६६३०४६५
फ्याक्स : ०१-६६३०१९३, ०१-६६३१४८६
इमेल : nced@nced.gov.np, info@nced.gov.np
वेभसाइट : www.nced.gov.np